मुद्रण विभाग

# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ३ ] काठमाडौं पौष १४ गते २०१० साल [ संख्या ११

## भाग १

### पब्लिक सर्भिस कमिशनको सूचना नं. ७

तपसीलका ठाउँ अड्डालाई तपसीलकै विवरणका उमेदवारको आवश्यकता छ। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा लेखिएका मितिभित्र तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला।

नेपाली जातित्व प्राप्त उम्मेदवारलाई पहिलो ग्राह्यता दिइनेछ।

नं. १ (क) पद—अर्थमन्त्रालय—अन्तर्गत ब्रह्मदेउ मंडी र झूलाघाट भन्सार अड्डालाई दुइ जना हाकिम दर्जादार, स्थायी र पेन्शन पाइने।

(ख) आवश्यक न्यूनतम योग्यता—निजामती मध्यम परीक्षा। हाकिमी काम गर्न सक्नेलाई विशेष ग्राह्यता दिइनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

(ग) मा।सक तलब स्केल र भत्ता—तलब कं.रु.७०–१३० महगी भत्ता कंरु १२॥, विशेष भत्ता कंरु १५

(घ) काम–निकाशा पुकासाको रपोट आदि र बजारको असूल तहसील गरी स्याहा सेस्ता खडा भरी बही बुझाउने ।

(ङ) शर्त— भूखाबाटतर्फ निकाशी पैठारी महसूलबाट वर्ष १ मा कति आमदानी पुऱ्याउने, ब्रह्मदेउतर्फलाई कोठी घर २०० बनाउन लगाउने गरी भए वर्ष १ मा आमदानी के कति पुऱ्याउने । कोठी घर नबनाउने भए वर्ष १ मा के कति आमदानी पुऱ्याउने ।

(च) विशेष सहुलियत—सरकारी घर वा घरका निमित्त मुनासीब माफिकको भाडा पाइने ।

(छ) आफिसमा दरखास्त पुग्नपर्न आखिरी मिति–२०१० साल फाल्गुन ११ गते रोज २ (२२ फरवरी १९५४)

नं. २ (क) पद—पब्लिक वर्क्स तथा संचारमन्त्रालय–अन्तर्गत पाल्ही माझखण्ड गोस्वारालाई एकजना ओभरसियर, स्थायी तथा पेन्शन पाइने ।

(ख) आवश्यक न्यूनतम योग्यता—सरकार स्वीकृत इन्जीनियरिङ कलेज वा स्कूलबाट ओभरसियर सबोर्डिनेट इन्जीनियर वा अपसबोर्डिनेट पास गरेको हुनुपर्छ। घर, पूल, बाटो बनाउनेतर्फ एक्सपर्ट हुनुपर्छ ।

(ग) मासिक तलब स्केल र भत्ता–तलब १४०–७–२८०, महगी भत्ता रु. २०

(घ) काम–सिभिल इन्जीनियरिङ ।

(ङ) विशेष सहुलियत–सरकारी घर पाइने ।

(च) आखिरी मिति–२०१० साल फाल्गुन १६ गते रोज ५ (२५ फरवरी १९५४)

आधिकारिकता मुद्रण १४८ विभागबाट प्रमाणित गरिएपछि

नं. ३ (क) पद—शिक्षामन्त्रालय—अन्तर्गत धुमुवा स्कूल हाल भक्तपुरलाई एक जना मिडिल शिक्षक, स्थायी तथा पेन्शन पाइने ।

(ख) आवश्यक न्यूनतम योग्यता—विभिड र डाइडमा टेक्निकल स्कूल-बाट सरकारी प्रमाणपत्र हासिल गरेको ।

(ग) अभ्यास अवधि— ६ महिना ।

(घ) मासिक तलब स्केल र भत्ता—तलब मोरु. ७०।–१३०। महगी भत्ता मोरु १५ ।

(ङ) काम—हरएक ठाउँमा १।१ वर्षको हिसाबले घुमी ग्रामीणहरुलाई विभिड र डाइड पढाउने र प्रयाक्टिकल गराउने ।

(च) विशेष सहुलियत—वार्षिक घर भाडा मोरु ४०।

(छ) आखिरी मिति—२०१० साल फाल्गुन १७ गते रोज १ (२८ फरवरी १९५४)

नं. ४ (क) पद—शिक्षामन्त्रालय-अंतर्गत पद्मकन्या विद्याश्रम हाइस्कूल डिल्लीबजारलाई एकजना सितार शिक्षक (मिडिल शिक्षक) स्थायी तथा पेन्शन पाइने ।

(ख) आवश्यक न्यूनतम योग्यता—एस्. एल्. सी. को सिलेबसअनुसार हाई क्लाससम्म सितार सिकाउन सक्ने । सितार मात्रामा विशेष योग्यता भएकोलाई विशेष ग्राह्यता दिइनेछ ।

(ग) मासिक तलब स्केल र भत्ता—तलब मो. रु. ७० ।—१२०। महगी भत्ता मोरु. १२।५० ।

(घ) अभ्यास अवधि— ६ महिना ।

(ङ) आखिरी मिति—२०१० साल फाल्गुन १७ गते रोज १ (२८ फरवरी १९५४)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म

नं.५ (क) पद—शिक्षामन्त्रालय—अंतर्गत दरबार हाइस्कूललाई एकजना मिडिल क्लास शिक्षक, स्थायी तथा पेन्शन पाइने।

(ख) आवश्यक न्यूनतम योग्यता—आइ.ए. शिक्षक कामा विशेष ज्ञान भएकोलाई ग्राह्यता दिइनेछ।

(ग) मासिक तलब स्केल र भत्ता—तलब मोरु ७०।—१३०। महगी भत्ता मोरु. १५।

(घ) अभ्यास अवधि— ६ महीना।

(ङ) आखिरी मिति-२०१० साल फाल्गुन १७ गते रोज १ (२८फरवरी१९५४)

नं. ६ (क) पद—शिक्षामन्त्रालय—अंतर्गत दरबार इण्टर मिडिएट कलेज र अरू सरकारी कलेजहरूका निमित्त पोलिटिक्सको एकजना लेक्चरर, गजेटेड स्थायी तथा पेन्शन पाइने।

(ख) आवश्यक न्यूनतम योग्यता—पोलिटिक्समा एम. ए. कमसे कम दोस्रा दर्जा।

(ग) मासिक तलब स्केल र भत्ता—तलब मोरु. १८०।—२६०। महगी भत्ता मोरु. २०।

(घ) अभ्यास अवधि—६ महीना।

(ङ) आखिरी मिति—२०१० साल फाल्गुन १८ गते रोज २ (१ मार्च १९५४)

नं.७ (क) पद—शिक्षामन्त्रालय—अंतर्गत दरबार इण्टर मिडिएट कलेज र अरू सरकारी कलेजहरूका निमित्त अर्थशास्त्रका एकजना लेक्चरर, गजेटेड स्थायी तथा पेन्शन पाइने।

(ख) आवश्यक न्यूनतम योग्यता—अर्थशास्त्रमा एम. ए., कमसे कम दोस्रा दर्जा एम्. ए. मा अर्थशास्त्र साथै योजना र विकास विषयको विशेष अध्ययन गरेकालाई विशेष ग्राह्यता दिइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि